# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पुनर्वास कन्चनपुर

सुदुरपश्चिम प्रदेश,नेपाल

## खध्यान्न सामाग्री खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आब्हान

(प्रथम पटक प्रकाशित मिति २०७७/१/१५)

बिश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाइरस को कारणले भएको लकडाउन मा ज्याला मजदुरी गरी खाने परिवारलाई राहात बितरण गर्न खाध्यान्न लगायत का सामान खरिद एवं सप्लाई सम्बन्धी कार्य यस न.पा. बाट सार्वजनिक खरिद नियमावली को नियम १४५ को उपनियम १ बमोजिम खरिद गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त फर्म,सप्लायर्स तथा कम्पनीहरुले तपसिलको शर्तहरुको अधिनमा रही रीतपुर्वक सिलबन्दी बोलपत्रको माध्यमबाट दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ .

**<u>सिलबन्दी दरभाउपत्रका शर्तहरु</u>**

**१** ईच्छुक फर्म ,सप्लायर्स तथा कम्पनीहरुले सिलबन्दी बोलपत्र नेपाल सरकारबाट प्रप्त इजाजत पत्र ,स्थाई लेखा नं.,आयकर दर्ता प्रमाण पत्र,मूल्य अभिबृध्दि कर दर्ता प्रमाण पत्र ,आ.ब. ०७५/०७६ को कर चुक्ता को प्रमाण पत्र को प्रतिलिपी संलग्न राखी निवेदन साथ पेश गर्नुपर्नेछ।

२ रित पुर्वक नआएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

३ बोल पत्र दाताले धरौटी बापत रु ६३,०००।–(त्रिसठ्ठी हजार मात्र ) कार्यालयमा नगदै बुझाउनु पर्ने र बोलपत्र स्विकृत भए पश्चात अस्विकृत बोलपत्रको धरौटी रकम तीन दिन पछी फिर्ता गरिने छ।

४ बोलपत्र दस्तुर बापत रु ३०००।– (तिनहजार) नगदै बुझाई कार्यालयको राजश्व शाखाबाट नगदी रसिद लिनुपर्ने छ।बोलपत्र दस्तुर रकम फिर्ता हुने छैन।

५ आपुर्ती कर्ताले BOQ मा उल्लेखित खाध्य सामाग्रीहरु नगरपालिकाले तोकेको अधिकतम दररेट को सिमा भित्र रही कबोल गर्नु पर्ने छ ।रित पुगेको न्यून मुल्याङकित फर्म/सप्लायर्स बाट मात्र मालसमान आपुर्तीको लागी संझौता गरिने छ। स्विकृत गर्दा आईटम वाइज आंसिक रुपमा समेत स्विकृत गर्न सकिने छ।

६ दररेट कबोल गर्दा BOQ मा उल्लेखित मालसमानको प्रति इकाई दररेट कबोल गर्नुपर्ने छ।

७ उल्लेखित मालसमानको आपुर्तीको लागी मिति २०७७/१/१५ देखी २०७७/१/१८ गते दिनको १२;०० बजे सम्म यस कार्यालयको जिन्सी इकाईमा सिलबन्दी दररेट पेश गर्नुपर्ने छ । आपुर्तीकर्ताले खरिद संझौता भएको २४ घण्टा भित्र उल्लेखित मालसमान रु २५,१०,०००।–(पच्चिसलाख दश हजार) बराबरको सामाग्री उपलब्ध गराउनु पर्नेछ ।नगरपालिकाले तोकेको अवधी भित्र सामाग्री उपलब्ध गराउन नसकेमा आपुर्तीकर्ताको संझौता अन्त्य गरी धरौटी समेत जफत गर्न सकिने छ।

८ छनौट भएको फर्म आपुर्ती कर्ताले नगरपालिका संग पेश गरिएको खरिद संझौताको दररेटमा आवश्यकताअनुसार चालु आर्थिक बर्ष भरी नै उल्लेखित खाध्य समाग्री उपलब्ध गराउनु पर्नेछ ।उपलब्ध गराउन नसकेमा संझौता अन्त्य गरी कार्य सम्पादन रकम समेत नगरपालिकाले जफत गर्न सक्ने छ।

९ खरिद संझौता गर्दा कार्य सम्पादन रकम बापत हाल लाई रु १,२५,०००।– (एकलाख पच्चिस हजार पाचसय) नगदै नगरपालिकामा जम्मा गर्नुपर्नेछ। आपुर्ती कर्ताले सामाग्री आपुर्ती थप गर्नुपरेमा नगरपालिकाको कार्यादेश को आधारमा कार्य सम्पादन जमानत थप माग गर्न सकिने छ। कार्य सम्पादन जमानत रकम ०७७/७८ को श्रावण मसान्त भित्र फिर्ता गर्न सकिने छ।

१० बोलपत्र दाताले पेश गरेको दररेट रकम सिलबन्दी गरी खाम बाहीर खाध्य सामाग्रीको दररेट पेश गरेको भनी सिलबन्दी खाम पेश गर्नुपर्ने छ।

११ एक फर्म को नामबाट खरिद भएको बोलपत्र रसिद/भर्पाई अर्को फर्मको नामबाट पेश गर्न पाईने छैन।

१२ बोलपत्रमा दररेट उल्लेख गर्दा भ्याट लाग्ने खाध्य सामाग्री भए भ्याट बाहेक प्रति इकाइ दररेट मा मुल्य उल्लेख गर्नु पर्ने छ।

१३ बोलपत्र पेश गर्दा सिलबन्दी खाम बाहीर कार्यालयको नाम कार्यालयको बिबरण र बोलपत्र दाता फर्म को नाम ठेगाना र छाप लागेको हुनुपर्ने छ।

१४ दररेट पेश गर्दा उल्लेखित बुदा नं. ५ अनुसार खाध्य समाग्रीहरुको दररेट (अधिकतम) यस कार्यालयमा आई बुझ्नु परेमा २०७७/१/१५ गते देखी १७ गते बिहान १०;०० बजे देखी बेलुका ५;०० बजे सम्म र २०७७/१/१८ गते बिहान १० बजे देखी दिउसो १२ बजे सम्म जिन्सि ईकाई को मोबाइल नं. ९८५८४२६०५९ मा वा बिपद फोकल पर्सन को मोबाइल नं. ९८४८७४५७६७ मा सम्पर्क राख्न सकिने छ।

१५ आपुर्तीकर्ताले आपुर्ती गरेको समाग्री गुणस्तरयुक्त हुनु पर्नेछ। गुस्तरहिन सामाग्री उपलब्ध भएमा आपुर्ती कर्ताको कार्यसम्पादन जमानत बाट कट्टा गरी नियमानुसार कार्वाही गरिनेछ।

१६ यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वनजिक खरिद ऐन २०६३ तथा नियमावली ,२०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत